आज मिति २०७८ मसिर १९ गते, आइतबार बिहान ११:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**विषयहरु :-**

१. विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरुः-**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) आयोजना गर्न तपसिल अनुसारको खेल प्रतियोगिता गर्न वडा कार्यालयहरुलाई जिम्मा दिने निर्णय गरियो :

**तपसिल**

क. भलिबल - १ नं. वडा कार्यालय

ख. टेबुल टेनिस - २ नं. वडा कार्यालय

ग. उसु - ५ नं. वडा कार्यालय

**घ. कबड्डी** - ४ नं. वडा कार्यालय

ङ. तेक्वाण्डो - ५ नं. वडा कार्यालय

च. पोर्टबल - ३ नं. वडा कार्यालय

छ. बुद्धिचाल - ९ नं. वडा कार्यालय

ज. करांते - ६ नं. वडा कार्यालय

झ. एथ्लेटिक्स - ७ नं. वडा कार्यालय

ञ. ब्याटमिन्टन - ८ नं. वडा कार्यालय

ट. फुटसल - ७ नं. वडा कार्यालय

ठ. खो खो - १० नं. वडा कार्यालय

ड. जिम्नाष्टिक - १ नं. वडा कार्यालय

ढ. कसिमला पांय - ९ नं. वडा कार्यालय

क. भक्तपुर नगरपालिकाद्वारा संचालित भलिबल, बक्सिङ्ग, टेबुल टेनिस, करांते, फुटबल र जिम्नाष्टिक खेलका प्रशिक्षकहरुलाई २०७८ श्रावण महिनादेखि नेपाल सरकारबाट बढाएको पारिश्रमिक अन्य कर्मचारी सरह दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) भलिबल, फुटसल, पोर्टबल, एथ्लेटिक्स, उसु, करांते, तेक्वाण्डो, कसिमला पायं, कबड्डी, खो खो, ब्याटमिन्टन, बुद्धिचाल, टेबुलटेनिस र जिम्नाष्टिक प्रतियोगितामा सहभागी हुने विद्यालयहरुलाई समूहगत खेलको लागि रु.५००।- र व्यक्तिगत खेलको लागि प्रति खेलाडी रु.१००।- लिने र उक्त प्रतियोगिताको प्रचार प्रसार गर्न मजदुर दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता गर्न वडा कार्यालयहरुलाई तपसिल अनुसारको खेलको लागि बजेटको व्यवस्था गर्ने निर्णय गरियो :

तपसिल

१. भलिबल र जिम्नाष्टिक - १ नं. वडा - २,००,०००।-
२. टेबुल टेनिस - २ नं. वडा -१,००,०००।-
३. पोर्टबल - ३ नं. वडा -१,००,०००।-
४. कबड्डी- ४ नं. वडा -१,२५,०००।-
५. टेक्वाण्डो र उसु - ५ नं. वडा -२,००,०००।-
६. करांते - ६ नं. वडा - १,००,०००।-
७. एथ्लेटिक्स र फुटसल - ७ नं. वडा - २,००,०००।-
८. ब्याटमिन्टन - ८ नं. वडा - १,००,०००।-
९. बुद्धिचाल र कसिमला पांय - ९ नं. वडा -१,५०,०००।-
१०. खो खो- १० नं. वडा - १,२५,०००।-

घ. २०७८।९।३,४ र ५ गतेसम्म हुने जैसीदेवल युथ क्लबको आयोजनामा दोश्रो प्रदेश स्तरीय जुनियर आमन्त्रण मेयर कप तेक्वाण्डो प्रतियोगिता २०७८ मा यस नगरपालिकाका खेलाडीहरुलाई सहभागी गराउने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सफल पार्न तपसिल अनुसार समितिहरु बनाउने निर्णय गरियो :

<u>क. खेलकुद प्रतियोगिता अनुगमन समिति</u>

संयोजक : श्री श्यामकृष्ण खत्री

सदस्य : श्री उकेश कवां

सदस्य : श्री कुमार चवाल

सदस्य : श्री हरि प्रसाद बासुकला

सदस्य : श्री सुनिता अवाल (प्रजापति)

सदस्य : श्री कृष्ण गोविन्द सुवाल

**ख. पुरस्कार व्यवस्थापन समिति**

संयोजक : श्री उके कवां

सदस्य : श्री विनोदचरण राय

सदस्य : श्री कृष्ण गोविन्द सुवाल

सदस्य : श्री राजु सिं बजिको

सदस्य : श्री इन्द्रभक्त पंच

सदस्य : श्री मुना बासुकला

सदस्य : श्री रविना सुवाल

**ग. स्वास्थ्य समिति**

संयोजक : श्री कुमार चवाल

सदस्य : श्री सुनिता अवाल

सदस्य : डा. रत्नसुन्दर लासिवा

**घ. ऱ्याली, कार्यक्रम तथा मञ्च व्यवस्थापन समिति**

संयोजक : श्री रविन्द्र ज्याख्व

सदस्य : श्री हरिप्रसाद बासुकला

सदस्य : श्री महेन्द्र खायमली

सदस्य : श्री दामोदर सुवाल

सदस्य : श्री दिलिपकुमार सुवाल

सदस्य : श्री भ.न.पा.का खेलकुद प्रशिक्षकहरु

**ङ. जलपान तथा अतिथि सत्कार समिति**

संयोजक : श्री सुनिता अवाल (प्रजापति)

सदस्य : श्री रोशन मैया सुवाल

सदस्य : श्री सरिता ग्योला

सदस्य : श्री कृष्णलक्ष्मी दुवाल

सदस्य : श्री छोरी मैया सुजखु (प्रजापति)

च. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि तपसिल अनुसार अनुमानित बजेट छुट्याउने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | उद्घाटन समारोह | १,००,०००।- |
| २ | र्‍याली व्यवस्थापन | २५,०००।- |
| ३ | विभिन्न खेल व्यवस्थापन (वडाहरुलाई) | १४,००,०००।- |
| ४ | प्रत्येक खेलको लागि मेडल | १,५०,०००।- |
| ५ | प्रत्येक खेलको लागि ट्रफी | १,५०,०००।- |
| ६ | प्रमाण पत्र | २५,०००।- |
| ७ | विद्यालयलाई खेलकुद सामग्री वितरण | ७,००,०००।- |
| ८ | मंच तथा ग्राउण्ड व्यवस्थापन | २,००,०००।- |
| ९ | समापन समारोह | १,००,०००।- |
| १० | जम्मा | २८,५०,०००।- |

छ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन समारोहको लागि प्रमुख अतिथि, अतिथिहरु तपसिल अनुसार आमन्त्रण गर्ने निर्णय गरियो :

**तपसिल**

प्रमुख अतिथि : श्री नारायणमान बिजुक्छें, अध्यक्ष नेपाल मजदुर किसान पार्टी

अतिथि : श्री सुरेन्द्रराज गोसाई, प्रदेश सभा सदस्य, बागमती प्रदेश - ३

अतिथि : श्री रुद्रादेवी शर्मा, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

अतिथि : श्री शिवकुमार श्रेष्ठ, प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर ।

**समापन समारोह :**

प्रमुख अतिथि श्री प्रेम सुवाल, संघीय सांसद

अतिथि श्री सिर्जना सैंजु

ज भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म आयोजना हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता उद्घाटनसहित आयोजना गर्ने निर्णय गरियो :

**कार्यक्रम :**

मिति :- २०७८ मंसिर २० गते

समय :- विहान ७:०० बजे

स्थान :-भ.न.पा. वडा नं. ९, दत्तात्रयबाट र्‍याली शुरु

उद्घाटन स्थल :- शहीद स्मृति खेलक मैदान, भ.न.पा. २

झ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म आयोजना हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न यस समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१०,००,०००।- (अक्षेरुपी रु.दश लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**१. महिला, बालबालिका तथा समाज कल्याण समिति :**

मिति : २०७८।८।१६ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिने लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत २०७८।८।१९ गते भ.न.पा. सभा कक्षमा दिनको २:०० बजे हुने कानूनी साक्षरता कार्यक्रममा निम्नानुसार कार्यक्रम गर्ने निर्णय गरियो :

प्रमुख अतिथि : श्री सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

कार्यक्रम सभापति: श्री रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका (कार्यक्रम सभापति)

विशेष अतिथि : श्री रुद्रादेवी शर्मा, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

अतिथि : श्री शिवकुमार श्रेष्ठ, प्रहरी उपनिरिक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर

अतिथि : श्री रामलाल श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा.

अतिथि : अधिवक्ता श्री गम्भिरमान ज्याख्व, कानून अध्ययन समाज, भक्तपुर

कार्यक्रम संचालन : श्री रोशन मैया सुवाल, कार्यपालिका सदस्य

स्वागत : श्री राजकृष्ण गोरा, वडाअध्यक्ष भ.न.पा. ३

ख. उक्त कार्यक्रममा सहभागीहरुलाई खाजाको व्यवस्था गर्ने निर्णय गरियो ।

**२. अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति :**

मिति : २०७८।७।२९ गते बसेको अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. अपांगता परिचय प्राप्तिका लागि आवेदन गर्नु हुनेहरुको निवेदन उपर यस समितिको बैठकमा प्राप्त चिकित्सकको सिफारिस अनुसार भ.न.पा. १ देखि १० भित्रका देहायका अति अशक्त ३ जना, मध्यम ३ जना गरी जम्मा ६ जनालाई अपांगताको परिचयपत्र प्रदान गर्ने निर्णय गरियो ।

ख. अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा विविध कार्यक्रम (खेलकुद, स्वास्थ शिविर तथा सांस्कृतिक कार्यक्रमं) संचालन गर्ने निर्णय गरियो ।

ग. भ.न.पा. क्षेत्रभित्रका अपांगता भएका व्यक्ति वा संरक्षकहरुका लागि जीवन उपयोगी निःशुल्क व्यवसायी तालिम/नेपाली कागजबाट बन्ने विभिन्न हस्तकला सामग्रीहरु उत्पादनसम्बन्धी तालिम संचालनको कार्यक्रम उदघाटन श्रीमान प्रमुखज्यूको प्रमुख आतिथ्यतामा मिति २०७८ मंसिर १ गते दिनको १:३० बजे गर्ने निर्णय गरियो ।

घ. ३० औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसमार अपांगता भएका व्यक्तिहरुलाई लक्षित गरी खेलकुद र स्वास्थ्य शिविर कार्यक्रम संचालन गनर्न वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीज्यूको संयोजकत्वमा एक कार्यक्रम तयारी समिति गठन गरियो :

संयोजक श्री श्री श्यामकृष्ण खत्री

सदस्य श्री रोशनमैया सुवाल

सदस्य : श्री हिमालयश्वरलाल मू

सदस्य : श्री डा.रत्नसुन्दर लासिवा

सदस्य : श्री भूपाल मूल

ङ. अपांगता दिवस सम्पन्न गर्न भूपाल मूललाई रु.५०,०००।- पेश्की लिन लगाउने ।

च. मिति २०७८ मंसिर १ गतेदेखि संचालन हुने भ.न.पा. क्षेत्रभित्रका अपांगता भएका व्यक्ति वा संरक्षकहरुका लागि दिने तालिम संचालनमा प्रशिक्षकहरु सहयोगी श्री रञ्जना जाकिबन्जार र श्री हिमालयश्वरलाल मूललाई प्रशिक्षकको रुपमा जिम्मा दिने निर्णय गरियो ।

मिति : २०७८।८।१४ गते बसेको अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. ३० औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा आयोजित खेलकुद प्रतियोगितामा सहभागी भै पुरस्कृत खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्ने ।

ख. सो खेलकुद प्रतियोगिता अपांगाता भएका सम्पूर्ण सहभागीहरुलाई एक/एक वटा थर्मस उपलब्ध गराउने निर्णय गरियो ।

ग. खेलकुद प्रतियोगितामा सहभागी सबै जनालाई चिया र खाजाको व्यवस्था गर्ने ।

**घ. उद्घाटन कार्यक्रम**

प्रमुख अतिथि : प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका

उद्घोषण : श्री रोशन मैया सुवाल

स्वागत मन्तव्य : श्री श्यामकृष्ण खत्री

**ङ. पुरस्कार वितरण/व्यवस्थापन समिति**

संयोजक श्री श्यामकृष्ण खत्री

श्री कृष्ण गोविन्द सुवाल

**च. जलपान समिति**

संयोजक श्री रोशन मैया सुवाल

कार्यपालिका सदस्यज्यूहरु

श्री कृष्ण गोविन्द सुवाल

**छ. समापन समारोह समिति**

क. प्रमुख अतिथि : श्री सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

ख. सभापति : श्री रजनी जोशी, उपप्रमुख भक्तपुर नगरपालिका

ग. मन्तव्य : श्री हिमालयश्वरलाल मूल

घ.डा. श्री रत्न सुरन्दर लासिवा

श्री राम लाल श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

स्वागत मन्तव्य : श्री श्यामकृष्ण खत्री

**३. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति :**

मिति : २०७८।८।६ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. यस नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न भ.न.पा. वडा नं. ३ दरवार क्षेत्रस्थित नृत्य बत्साला पुन:निमाण २०७८ पुस्तक प्रकाशन कार्य अन्तिम चरणमा पुगेको अवस्थामा पुस्तकको विक्री मूल्य प्रतिथान रु.२५०।–( अक्षेरुपी दुई सय पचास रुपैयां) निर्धारण गर्ने निर्णय गरियो ।

उक्त पुस्तकको भाषा सम्पादनमा महत्वपूर्ण योगदान गर्नु हुने आदरणीय विज्ञहरु ज्ञानसागर प्रजापति र लक्ष्मण जोशीको कार्यको उच्च मूल्यांकन गर्दै उहांहरुलाई पारिश्रमिक वापत प्रति व्यक्ति रु.१०,०००।– ( अक्षेरुपी दश हजार रुपैयां मात्र) प्रदान गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा वि.सं. २०७४ देखि हालसम्मको पाँच वर्षमा गरेका विकास निर्माणसम्बन्धी सम्पूर्ण विवरणसहितको पुस्तक प्रकाशन गर्न देहाय बमोजिमका महानुभावहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो :

१. रविन्द्र ज्याख्व – वडाअध्यक्ष
२. दामोदर सुवाल – प्रशासन शाखा
३. श्रीकृष्ण न्याइच्याई– योजना शाखा
४. राम गोविन्द श्रेष्ठ – सम्पदा शाखा
५. जौवन कोजू – प्रमुखज्यूको सचिवालय

ग. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को रोग रोकथाम, नियन्त्रण र संक्रमितहरुको उपचारको क्रममा भक्तपुर नगरपालिकाबाट भए गरेका क्रियाकलापहरुको विवरण समेटेर पुस्तक प्रकाशन गर्ने र सोको लागि देहाय बमोजिम महानुभावहरुलाई जिम्मेवारी दिने निर्णय गरियो :

१. रविन्द्र ज्याख्व– वडाअध्यक्ष

२. डा. रत्नसुन्दर लासिवा

३. डा. अमर प्रजापति

४. विश्वजीत प्रजापति

५. गौत्तम प्रसाद लासिवा

घ. भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार भइरहेको भ.न.पा. १ स्थित ऐतिहासिक रानी पोखरी जीर्णोद्धार सम्बन्धी विवरण समेटेर पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आवधिक योजना तयार पार्न योजना शाखाका आर्किटेक्ट ई. दिलभक्त जयनालाई जिम्मेवारी दिने निर्णय गरियो ।

च. यस नगरपालिकाले हरेक वर्ष विभिन्न विषयमा स्वास्थ्य शिविर संचालन गर्दै आएकोमा यो वर्षको पुस महिनामा दश वटै वडामा दन्त शिविर वा पाठेघर परीक्षण सम्बन्धी स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

छ. २०४६ सालको जनआन्दोलनमा शहादत्त प्राप्त अमर शहीद श्री महेश श्रेष्ठकी छोरी रश्मी श्रेष्ठ ( भ.न.पा.४, बोलाछें) ले स्नातकोत्तर तह अध्ययनका लागि नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्राप्तिका लागि निवेदन पेश गरेकोमा निजलाई स्नाकोत्तर तह अध्ययनमा लाग्ने सम्पूर्ण शिक्षण शुल्क यस नगरपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो ।

**४. कृषि समिति :**

मिति : २०७८।८।१७ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. यस नगरपालिकाका कृषकहरुलाई निःशुल्क आलुको विउ वितरण गर्नका लागि विभिन्न कम्पनीबाट वेचविखन गर्ने भ.न.पा.मा प्राप्त निवेदन अनुसार सबैभन्दा कम मूल्यमा प्रति के.जी. रु.६९ मा काभ्रे जिल्ला पनौति नगरपालिकास्थित खाद्यान्न तथा आलु विउ, अलैंची, फलफूल तथा नर्सरी उद्योगले ७२४५ के.जी. र सोही नगरपालिकास्थित ढुंगाना एग्रीकल्चर कृषि फर्मले पनि प्रति केजी रु.६९।-मा जम्मा २७५५ के.जी. समेत गरी जम्मा १०,००० के.जी.को रु.६,९०,०००।- (अक्षैरुपी छ लाख नब्बे हजार) को उक्त कम्पनीहरुसंग आलु बिउ खरिद गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको निर्णय अनुसार भ.न.पा.का किसानहरुलाई निःशुल्क रुपमा गहुंको विउ वितरण गर्नका लागि भ.न.पा. १० स्थित सिद्धि कृषि सहकारी संस्था, लि. ले प्रति के.जी. रु.९०।- मा विक्री गर्न इच्छा व्यक्त भएकोले सो सहकारी संस्थासंग जम्मा ७००० के.जी. गहुंको बिउ खरिद गर्ने निर्णय गरियो ।

## ५. निर्माण समिति

मिति २०७८/०८/१० गतेको निर्माण समितिका निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | जगातीदेखि हनुमानघाटसम्म पिच कार्य | ७ | नगरपालिका बजेट | ३,०२५,७२७।२८ | | उ.स.अ.: श्री राजकुमार वनमाला<br>अ.स.स. : श्री हरिरत्न गोर्खाली | | | | | | |
| २ | लिवाली आवस क्षेत्रमा सडक पिच कार्य | ८ | नगरपालिका बजेट | ४,९९९,८९०।१० | | उ.स.अ. : श्री तुल्सीराम ग्वाछा<br>अ.स.स. : श्री प्रेमबहादुर थापा | | | | | | |
| ३ | मचो भैरव ल्होंलांदेखि मेतंसम्मको बाटो ढुंगा छपाई मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल | १,०३५,८२४।४२ | | उ.स.अ. : श्री सीताराम बोहजू<br>अ.स.स. : श्री कृष्णसागर बासी | | | | | | |
| ४ | ठूलो ब्यासीको बाटोमा ईंटा छपाई मर्मत कार्य | २ | सडक बोर्ड नेपाल | १,०४६,४४४।२६ | | उ.स.अ.: श्री सत्यनारायण बासुकला<br>अ.स.स. : श्री रत्नकाजी नायभारी | | | | | | |
| ५ | कालीघाट सत्तलको प्रांगणमा भूमिगत पानी ट्यांकी निर्माण कार्य | २ | खानेपानी शीर्षक | ३८०,६५६।३६ | | उ.स.अ. : श्री बालमुकुण्ड बासुकला<br>अ.स.स. : श्री रत्नकाजी नायभारी | | | | | | |
| ६ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण) | १ | नगरपालिका बजेट | ५,८०३,६५५।५४ | | उ.स.अ.:श्री लक्ष्मीनारायण राजलवट<br>अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | | |
| ७ | भेलुखेलदेखि ५ नं. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल | १,०४६,७८२।७८ | | उ.स.अ. : श्री गोविन्द तमखु<br>अ.स.स. : श्री बलराम न्हिसुतू | | | | | | |
| ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गणेश माध्यामिक विद्यालयको चारकोठे भवन निर्माण कार्य | १ | संघीय सरकार भौतिक पूर्वाधार (आ.व. २०७५/७६) | २,०९०,७७३।९२ | | ४५०,०००।०० | २,०४९,३५०।६२ | १,३५०,०००।०० | २,०६९,४९५।०९ | सम्पन्न | विद्यालय व्यवस्थापन समिति | रू.२४९,३५०।६२ गणेश मा..बाट व्यहोर्ने । |
| | भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | आंलांबु, सृजनानगर र छिपा तां बाटोहरूमा ग्राभेलिंग कार्य | १, ७ | मर्मत सम्भार | ४९९,४५५।९९ | | | | २७१,८७७।९९ | २७१,८७७।९९ | सम्पन्न | श्री गणेश ब्रिक सेल्स सेन्टर | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ब्रम्हायणी बहुउद्दश्यीय भवन निर्माण कार्यको फिनिसिंग कार्यको (ज्याला मात्र) | ९ | बांकी भुक्तानी शीर्षक | १०,३५३,९७२।७३ | | | ६,४३७,७९३।५१ | ५८९,९३५।५१ | ६,४३७,७९३।५१ | | | रू. ५८,४७८५८।०० भुक्तानी भैसकेको |

**ल.ई. स्वीकृत÷कार्यान्वयनको लागि शहरी विकास तथा भवन निर्माण विभागमा पत्राचार गरिएको सम्बन्धमा**

| | |
|---|---|
| १ | भ.न.पा. वडा नं. ८ जेंलास्थित नारायण मन्दिर पुनःनिर्माण कार्य गर्न ल.ई. रू.३३,७१,२८४।१२ र भ.न.पा. वडा नं. ७ भ्कौर बही परिसर पसिखेलमा ढुंगा छपाई कार्यको ल.इ. रू. ५०,२२,५५४।४६ स्वीकृत गरी श्री शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (भवन तथा आवास), बबरमहल, काठमाडौंबाट कार्यान्वयनका लागि पत्राचार गरी कार्यान्वयन गर्ने निर्णय गरियो । |

**बजेट संशोधन सम्बन्धमा**

| | |
|---|---|
| १ | भ.न.पा. वडा नं. ८ जेंलास्थित नारायण मन्दिर पुनःनिर्माण कार्य गर्नका लागि आ.व. २०७८/०७९ मा भक्तपुर नपाबाट रू. २०,००,०००।०० विनियोजित गरेकोमा ल.ई. रू३३,७१,२८४।१२ स्वीकृत भएकोमा उक्त लागत श्री शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (भवन तथा आवास), बबरमहल, काठमाडौंबाट कार्यान्वयन हुने भएकोले सो योजनाको लागि विनियोजित गरेको रू.२०,००,०००।०० लिबाली कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) को लागि व्यहोर्ने गरी संशोधन गर्ने निर्णय गरियो । |

**सिमांकन सम्बन्धमा**

| | |
|---|---|
| १ | भ.न.पा. वडा नं. १० स्थित बेखाल पाटीदेखि कुटिप्वाक गणेश द्योछें क्वाठण्डौंसम्म ईंटा छपाई कार्यका लागि नक्सा पास भएको जग्गामा सो बाटोको मापदण्ड अनुसार कायम गर्ने र नक्सा पास प्रक्रिया बांकी जग्गाको हकमा हाललाई दायां बायां १/१ मिटर जग्गामा बाटो कायम गरी ईंटा छपाई गर्ने र सो जग्गामा नियमानुसार नक्सा पास प्रक्रियाका बेला हाल १÷१ मिटर छोडिएको जग्गासहित मापदण्डमा मिलान हुने गरी नक्सा प्रक्रिया कार्वाही अगाडि बढाउने गरी १/१ मिटर जग्गा छोड्ने भनी प.स. ०७८/०७९ च.नं. ६०४ अनुसार निर्णय गरियो । |

**अनलाइन बोलपत्रदाताको प्रस्ताव स्वीकृत सम्बन्धमा**

| | |
|---|---|
| १ | यस भक्तपुर नगरपालिकाको चालू आ.व. ०७८/७९ का लागि बाग्मती प्रदेश सरकारको विशेष बजेट शीर्षकबाट व्यहोर्ने गरी भ.न.पा. वडा नं. ९, स्थित तुमचो दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य (ठेक्का नं.: bktmun/NCB/works/01/078/079) गर्न ल.ई.रू. ७३,१९,०६८।९१ स्वीकृत भई मिति २०७८।०७।२९ गते बसेको मूल्यांकन समितिको बैठकबाट म्यादभित्र प्राप्त चौध (१४) वटा अनलाइन बोलपत्रदाताहरूको प्रस्तावहरूमध्ये न्यूनत्तम अंक रू.३२,९६,३८३।२८ (अक्षरेपि बत्तीस लाख छयानब्बे हजार तीन सय त्रियासी रूपैयां अठाइस पैसा मात्र) भ्याटसहित कबोल गर्ने Raktakali Nirman Sewa (Simran-USG-Raktakali JV), गोदावरी नपा–१०, ललितपुरको प्रस्ताव न्यूनत्तम मूल्यांकीत सारभूतरूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

## निर्माण समितिको मिति २०७८/०८/१७ गतेको बैठकको निर्णयहरू :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | |
| १ | शारदा मा.वि.को भवन निर्माण कार्य (दोस्रो चरण) | २ | बाग्मती प्रदेश सशर्त बजेट | ३,१२९,७६४।०१ | | उ.स.अ. : श्री लक्ष्मीभक्त लासिवा<br>अ.स.स. : श्री मंगललक्ष्मी शाही | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | हनुमान घ्योदेखि घलाटेसम्म ब्लक छपाई बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल | १,०३४,४७४।२१ | | उ.स.अ. : श्री पूर्णप्रसाद सुवाल<br>अ.स.स. : श्री रामसुन्दर खाताखो | | | | | | |
| फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | समाज सेवा इन्स्टिच्युट आधारभूत स्कूल झ्यालढोका र प्लास्टर कार्य | ८ | बाग्मती प्रदेश सांसद कोष (आ.व. ०७७/७८) | १,०४५,२०६।६७ | | ३५०,०००।०० | ६७८,०६२।०० | ३२८,०६२।०० | ७६८,७०२।३६ | सम्पन्न | कृष्णराम ख्याजू | रू.१६,७३३।९६ विद्यालयबाट व्यहोर्ने । |
| | | | | | | ३२१,९३८।०० | ३३८,६७१।९६ | १६,७३३।९६ | ५७६,४४०।९९ | | | |
| | | | | | | ६७१,९३८।०० | १,०१६,७३३।९६ | ३४४,७९५।९६ | १,३४५,१४३।३५ | | | |
| २ | भीम आदर्श आधारभूत विद्यालय प्लास्टर र भर्‍याङ्ग छोप्ने कार्य | ८ | बाग्मती प्रदेश सांसद कोष ( आ.व. ०७७/७८) | १,११५,४०३।४० | | ३५०,०००।०० | ४१४,४१३।९५ | ६४,४१३।९५ | ४५५,९२१।८७ | सम्पन्न | विश्वराम दुवाल | रू.८८६।०९ विद्यालयबाट व्यहोर्ने । |
| | | | | | | ५८५,५८६।०५ | ५८६,४७२।१४ | ८८६।०९ | ७०७,७३९।४६ | | | |
| | | | | | | ९३५,५८६।०५ | १,०००,८८६।०९ | ६५,३००।०४ | १,१६३,६६१।३३ | | | |

**६. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. मिति २०७८।८।१९ गते बसेको यस नगरपालिकाको कार्यपालिका बैठकबाट यस नगरपालिकाद्वारा संचालित शिशु स्यहार तथा बाल विकास केन्द्रमो शिक्षिका २ जना र आया दिदी १ जना शिशु स्याहार केन्द्रबाट विभिन्न तह र पदमा करार सेवा कर्मचारी पदपूर्तिको लागि माग भएको विषयमा आवश्यकता विश्लेषण गरी करार सेवामा कर्मचारी पदपूर्ति गर्न भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचिकरण तथा छनौट समितिलाई जिम्मा दिने निर्णय गरियो ।**

**ख. यस नगरपालिकाको युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७८ अन्तर्गत गाउंपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति प्रक्रिया बमोजिम यस नगरपालिकाको लागि करारमा प्राविधिक सहायक पदपूर्ति गर्न उक्त प्रक्रियाको दफा (१) बमोजिम गठित पदपूर्ति समितिमा भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट देहायको सदस्य र सदस्य सचिव तोकी उक्त समितिलाई पूर्णता दिई पदपूर्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो :**

**१. सदस्य :- सम्बन्धित तहले तोकेको विषय विज्ञको रुपमा ख्वप कलेज अफ इन्जिनियरिङ्ग, भक्तपुरका प्राचार्य श्री सुनिल दुवाल**

**२. सदस्य सचिव :- सम्बन्धित शाखा प्रमुखको रुपमा सहायक निर्देशक (प्रशासन शाखा) श्री दामोदर सुवाल**

ग. भक्तपुर नगरपालिकाले नृत्य वत्सला मन्दिर पुननिर्माण किताब छपाईको लागि कोटेशन माग गरे अनुसार मित्रता छापाखाना भक्तपुरले १८८ पेज B/W ४४ पेज ४ कलर जम्मा २३२ पेज ४५०० प्रति छपाई गर्दा प्रति बुक १ थानको १११।- मू.अ.कर सहित (एक सय एघार रुपैयां) मा छपाई गर्न पाऊं भनी कोटेशन पेश भएको हुंदा उक्त छापाखानालाई उक्त किताब छपाई गर्न दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाको लागि आवश्यक शवबाहन/एम्बुलेन्स १ थान 'राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८' बमोजिम खरिद गर्न गोरखापत्र दैनिकमा मिति २०६८।०७।१८ गते र मजदुर दैनिकमा मिति २०७८।०७।२३ र पुनः २०७८।०८।०४ मा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार म्यादभित्र पर्न आएका २(दुई) थान शिलबन्दी दरभाउपत्रहरुमध्ये सबभन्दा कम रकम कबोल गर्ने दरभाउपत्रदाता श्री IME MOTORS Pvt.Ltd, Balaju Kathmandu, ASHOK LAYLAND कम्पनीको Bid Document मा संलग्न Technical Specification भन्दा कम भार क्षमताको भएको र श्री SIPRADI TRADING Pv.t Ltd TATA MOTORS कम्पनीको अधिकत्तम चौडाई भएकोले नगरको गल्लीभित्र नछिर्ने र सेवा प्रवाहमा अवरोध हुन सक्ने सम्बन्धित प्राविधिकको राय अनुसार दुवै कम्पनीको दरभाउ पत्र योग्य नभएको कारणले गर्दा रद्द गर्ने निर्णय गरियो ।

ङ. वडा नं. १ का वडाध्यक्ष श्री श्यामकृष्ण खत्रीले अखिल नेपाल फुटबल संघको आयोजनामा २०७८ कार्त्तिक ४ देखि भएको उपमेयर कप राष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी गराउन रु. १,५०,०००।- पेश्की लिई रु.२,१२,९२६।- बराबरको खर्च भपाई पेश गरेकोमो नपुग रु.६२,९२६।- भुक्तानी दिई निजको नाममा रहेको पे.फ.. गर्ने निर्णय गरियो ।

च. वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोराले आ.ब. २०७६।७७ मा नपा क्षेत्रमा रहेका भुस्याहा कुकुरहरुको उपचार, बन्ध्याकरण, रेविजको खोप तथा अन्य कार्यका लागि रु. ५,००,०००।- पेश्की लिई रु. ३,९८,२००।- बराबरको खर्च भपाई पेश गरेकोमा वांकी रकम दाखिला गरी दिई निजको नाममा रहेको पे.फ गर्ने निर्णय गरियो ।

छ. वडा नं. १० का वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखाले नपा क्षेत्रमा रहेका भुस्याहा कुकुरहरुको उपचार, बन्ध्याकरण, रेविजको खोप तथा अन्य कार्यका लागि रु.५,००,०००।- पेश्की लिई रु. ७,९०,६७५।- बराबरको खर्च भपाई पेश गरेकोमा नपुग रु २,९०,६७५।- भुक्तानी दिई निजको नाममा रहेको पे.फ गर्ने निर्णय गरियो ।

ज. भनपाबाट निर्मित ब्रम्हायणी बहुउद्देश्यीय भवनमा जडित विद्युत महसुल रु. ४,८४,७१३।५८ र भक्तपुर नगरपालिकाको नाममा जडित सडक वत्तीको महसुल रु. ४,१३,४४०।- भुक्तानी गरिएको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

झ. नपाबाट संचालित बा १ ग २२६७ को गाडी मर्मत गर`वापत रु. ३२,९९६।-, बा १ ग २२६४ को गाडी मर्मत गरे वापत रु. १,९३,४५६।-, बा १ ग २२६७ को गाडी मर्मत गरेवापत रु. १५,१४२।-, बा १ ग २२६३ को गाडी मर्मत गरेवापत रु. २५,८७७।- र बा १ क ३५५८ को गाडी मर्मत गरे वापत रु. ५,३९०।१० गरी कुल रु. २,७२,८६१।१० सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. नपाको बा १ झ ८७४९ को फोहोरमैला संकलन गर्ने गाडीको मर्मत गरे वापत रु.७६,१०५।५० अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. नपाको को १ स १६७२ को तिन पाङ्ग्रे ट्राइसाइकल मर्मत गरे वापत रु. ९,६५०।-, को १ स १६७८ को ट्राइसाइकल मर्मत गर`वापत रु. १५५७५।, को १ स १६८२ को मर्मत गरे वापत रु.८,४००।- र को १ स १६७४ को मर्मत गरे वापत ५,२००।- गरी कुल रु. ३८,८२५।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. नपाको बा १ क ३५५९ नं. गाडीको मर्मत गरे वापत रु. ३१,११७।७२ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।

ड. नपाको जेनेरेटर सेटको ब्याट्री डाइनामोलगायतको सामान फेरि मर्मत गरे वापत रु. १८,३००।- इन्द्रेणी अटो पार्टस् एण्ड सर्भिसिङ्ग सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. नपाको प्रदेश नं. ३-०१००२ झ ५४९६ को एम्बुलेन्स गाडी ड्राइभर विकास दुमरुलाई भत्ता दिने निर्णय गरियो ।

ण. मिति २०७८ कार्त्तिक २ गते भक्तपुर नगरपालिकाको भ्रमणमा पाल्नु भएका जर्मन प्रतिनिधिहरुलाई खानाको व्यवस्था गरे वापत रु. १८,७५०।- ख्वप छेँ क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।

त. नपाका विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ४०,६३५।- दिब्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

थ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ७,८७०।- झछे नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

द. **नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु. ५,३५०।- बाल कृष्ण खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।**

| ध. भक्तपुर नगरपालिकाको "साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धि कार्यविधि २०७७" अनुसार नक्सा पास र सूचिकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचिकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसारका पास हुने नक्सा जम्मा १० र सूचिकृत हुने नक्सा जम्मा २६ गरी जम्मा नक्सा संख्या ३६ पास र सूचिकृत गर्ने निर्णय गरियो । | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **नाम** | **निर्माण स्थल** | **कि.नं.** | **क्षे.फ.** | **निर्माण समितिको सिफारिस विवरण** | **निर्माण समितिको सिफारिस मिति** | **कार्यपालिकाको वैठकको निर्णय** |
| १ | केशव विरवल | भ.न.पा. २ साविक १५ | १६४ | ०-४-०-० | नक्सा पास हुने | ०७८।७।१६ | नक्सा पास हुने |
| २ | राजेश भ्वयच्यो | भ.न.पा. ८ साविक २ | २९२ | ०-२-३-१ | नक्सा पास हुने | ०७८।७।१६ | नक्सा पास हुने |
| ३ | नाती माया प्रजापति | भ.न.पा. ९ साविक १ | १८३ | ०-३-२-०.१३ | नक्सा पास हुने | ०७८।७।२३ | नक्सा पास हुने |
| ४ | गंगा लाल लागेजु | भ.न.पा. ७ साविक चित्तपोल गा.वि.स. | १०८६ र ६३ | जम्मा ०-३-३-०.४४ | नक्सा पास हुने | ०७८।७।२३ | नक्सा पास हुने |
| ५ | विष्णु प्रसाद सुवाल | भ.न.पा. ६ साविक ५ | ३९८ | ०-४-१-२ | नक्सा पास हुने | ०७८।७।२३ | नक्सा पास हुने |
| ६ | बल राम मुस्याख्व | भ.न.पा. १० साविक ४ | १४२६ | ०-३-१-० | नक्सा पास हुने | ०७८।७।३० | नक्सा पास हुने |
| ७ | माया लक्ष्मी प्रजापति | भ.न.पा. १० साविक ४ | २३७ | ०-५-१-० | नक्सा पास हुने | ०७८।८।७ | नक्सा पास हुने |
| ८ | राधा कृष्ण ख्याजु | भ.न.पा. ९ साविक १ | ४२२३ | ०-३-१-२.२४ | नक्सा पास हुने | ०७८।८।१० | नक्सा पास हुने |
| ९ | श्याम कृष्ण कोजु | भ.न.पा. ९ साविक १ | १८१ | ०-१-२-०.६४ | नक्सा पास हुने | ०७८।८।१४ | नक्सा पास हुने |
| १० | लक्ष्मी प्रसाद दुवाल | भ.न.पा. ९ साविक १ | १८३ | ०-१-२-०.६४ | नक्सा पास हुने | ०७८।८।१४ | नक्सा पास हुने |
| ११ | तारा दुवाल | भ.न.पा. ८ साविक २ | ६५२ | ०-४-०-० | सूचिकृत हुने | ०७८।७।१६ | सूचिकृत हुने |
| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | निर्माण समितिको सिफारिस विवर० | निर्माण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
| १२ | रेवी सुन्दरी बसी कायष्ठ | भ.न.पा. ६ साविक ५ | ४८२ र ४८८ | ०-३-१-० र ०-०-२-० | सूचिकृत हुने | ०७८।७।१६ | सूचिकृत हुने |
| १३ | राम गोपाल खर्बुजा | भ.न.पा. ४ साविक १४ | ११९३, १२४६ र १२६३ | ०-५-३-३, ०-६-२-० र ०-१-०-० | सूचिकृत हुने | ०७८।७।१६ | सूचिकृत हुने |
| १४ | लक्ष्मी प्रसाद त्वायना | भ.न.पा. २ साविक १० | ७३१ | ०-५-१-२ | सूचिकृत हुने | ०७८।७।१६ | सूचिकृत हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | मोहन केशरी प्रजापति | भ.न.पा. ८ साविक २ | ६४२ | ०-१-१-० | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| १६ | उर्मिला कर्माचार्य | भ.न.पा. ३ साविक १६ | १०१६ | ०-१-०-२.५ | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| १७ | कृष्ण भक्त किसी | भ.न.पा. ७ | ५८८ | ०-१-१-२ | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| १८ | विन्दा दंगाल | भ.न.पा. १० साविक ४ | ३८६ | ०-३-२-० | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| १९ | राकेश सुवाल र उकेश सुवाल | भ.न.पा. २ साविक १० | १२३ | ०-३-३-० | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| २० | माया राजथला | भ.न.पा. १ साविक १७ | ५७३ | ०-१-३-०.५ | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| २१ | कमल केशरी तुकंबन्जार | भ.न.पा. २ साविक १५ | ४९८ | | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| २२ | कमल केशरी कोजु | भ.न.पा. ८ साविक २ | २४९ | ०-१-३-१ | सूचिकृत हुने | ०७८।७।२३ | सूचिकृत हुने |
| २३ | जय राम ग्वाछा | भ.न.पा. १० साविक ४ | १४९४ | ०-३-०-० | सूचिकृत हुने | ०७८।७।३० | सूचिकृत हुने |
| २४ | श्याम कृष्ण सिल्पकार | भ.न.पा. १ साविक १७ | २९७ | ०-३-१-० | सूचिकृत हुने | ०७८।७।३० | सूचिकृत हुने |
| २५ | सत्य नारायण कवां | भ.न.पा. ७ | ८८ र ९६८ | ०-३-१-० र ०-०-१-० | सूचिकृत हुने | ०७८।७।३० | सूचिकृत हुने |
| २६ | विष्णु हेङ्ग्वा | भ.न.पा. ८ साविक २ | २२७ | ०-२-३-० | सूचिकृत हुने | ०७८।७।३० | सूचिकृत हुने |
| २७ | श्याम कृष्ण श्रेष्ठ समेत | भ.न.पा. १ साविक कटुंजे १(ख)१ | ३८८४ | ०-३-२-० | सूचिकृत हुने | ०७८।८।७ | सूचिकृत हुने |
| **क्र.सं.** | **नाम** | **निर्माण स्थल** | **कि.नं.** | **क्षे.फ.** | **निर्माण समितिको सिफारिस विवरण** | **निर्माण समितिको सिफारिस मिति** | **कार्यपालिकाको वैठकको निर्णय** |
| २८ | सत्य राम गोसाई | भ.न.पा. १० साविक ४ | ५२३ | ०-४-१-० | सूचिकृत हुने | ०७८।८।७ | सूचिकृत हुने |
| २९ | जमुना खाईजु | भ.न.पा. ८ साविक २ | १०१६ | ०-१-०-३ | सूचिकृत हुने | ०७८।८।७ | सूचिकृत हुने |
| ३० | मैया प्रजापति | भ.न.पा. १० साविक ४ | ३१३ | ०-३-२-० | सूचिकृत हुने | ०७८।८।७ | सूचिकृत हुने |
| ३१ | गणेश कुमार प्रजापति | भ.न.पा. १० साविक ४ | ६५ | ०-२-१-३ | सूचिकृत हुने | ०७८।८।१० | सूचिकृत हुने |
| ३२ | आस कुमारी थुसा | भ.न.पा. १० साविक ४ | १७५ र १९८ | ०-१-१-० र ०-१-३-० | सूचिकृत हुने | ०७८।८।१० | सूचिकृत हुने |
| ३३ | सत्य राम प्रजापति | भ.न.पा. ८ साविक २ | ३०१ | ०-१-२-० | सूचिकृत हुने | ०७८।८।१० | सूचिकृत हुने |
| ३४ | भावना खत्री प्रजापति | भ.न.पा. २ साविक १५ | ७२ | ०-२-०-० | सूचिकृत हुने | ०७८।८।१० | सूचिकृत हुने |
| ३५ | तुल्सी राम भैल | भ.न.पा. १ साविक १७ | १८६३ | ०-१-३-१ | सूचिकृत हुने | ०७८।८।१४ | सूचिकृत हुने |
| ३६ | माईली कर्माचार्य | भ.न.पा. २ साविक १५ | १२० | ०-४-०-० | सूचिकृत हुने | ०७८।८।१४ | सूचिकृत हुने |

| ण. भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोष आर्थिक वर्ष २०७७/०७८ आषाढसम्मको यथार्थ आय-व्यय विवरण | | | |
|---|---|---|---|
| क्र.स | बिवरण | | |
| | | आय | ८३४८४२२७।०० |
| १ | गत बर्षको मौज्दात | ५९९९३२९।७९ | |
| २ | प्रदेश सरकारबाट | ११०००००००।०० | |
| ३ | बिभिन्न संघ सस्थाबाट तथा ब्यक्तिहरूको सहयोग | ६६४८४८९७।२१ | |
| | जम्मा | ८३४८४२२७।०० | |
| | | ब्यय | |
| १ | खर्च | ४१४१४०२२।४७ | |
| २ | बैक मौज्दात | ४२०७०२०४।५३ | |
| | जम्मा | ८३४८४२२७।०० | |

| भक्तपुर नगरपालिका कार्यालयको प्रकोप व्यबस्थापन कोषको आ.व. २०७७/०७८ को यथार्थ खच | | |
|---|---|---|
| क्र.स | बिबरण | रकम |
| रर१ | सामान | १०७६८७९।०० |
| २ | औषधी | ६७९१२०।०० |
| ३ | प्रसार | ६५५४७७।०० |
| ४ | संचार | ६२०२०।०० |
| ५ | आइसोलेसन निर्माण | ३९२२४६८।०० |
| ६ | वडा कार्यालय | ३७९२०५।०० |
| ७ | कम्प्युटर | ८६५००।०० |
| ८ | बासिङ मेशिन | ५७७५९१।०० |
| ९ | कोभिड युनिट (ख्वप अस्पताल) | २३००००००।०० |

| | | |
|---|---|---|
| १० | नेपाली सेनालाई सामान | १५११३७०० |
| ११ | अक्सिजन प्लान्ट | १०८२३६२५।४७ |
| | **जम्मा** | ४१४१४०२२।४७ |

त. **सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६(१) ले सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रायोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान अनुसार यस कार्यालयमा सूचना अधिकारीको रुपमा पुस्तकालय अधिकृत श्री भूपाल मूललाई तोकिएकोमा मिति २०७८।८।१३ गतेदेखि लागू हुने गरी यस नगरपालिकाका सहायक निर्देशक श्री दामोदर सुवाललाई सूचना अधिकारी तोक्ने निर्णय गरियो । उक्त ऐनको प्रावधान अनुसार सूचना अधिकारीको लागि सिम कार्ड र मोबाइल उपलब्ध गराउने निर्णय गरियो ।**

थ. **शहरी नापीका समयमा भुई तल्लामा पाटी, सत्तल वा सार्वजनिक प्रकृतिको संरचना भएको र सोमाथि व्यक्तिको तल्ला घर भनी फिल्डबुक जनी सोही अनुसार भोगचलन समेत गरिआएको कित्ता जग्गा दर्ता बांकी अवस्था भए रहे फिल्डबुक व्यहोरामा उल्लेखित व्यक्ति वा निजका हकदारहरुले मन्जुरनामा दिएको र सम्बन्धित वडा कार्यालयबाट भोगचलनको सर्जमिन सिफारिस समेत भई आएको अवस्थामा त्यस्ता सार्वजनिक प्रकृतिका संरचना माथि बनेका तल्लाहरुको नक्सा पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।**